बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा शाखा, रामपुर, उदयपुर

कोशी प्रदेश, नेपाल

प.स.०८०/८१

च.न.

मिति: २०८०।०९।२५

<u>राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन हुने सम्बन्धी सूचना ।</u>

श्री सबै माध्यमिक विद्यालयहरु,

बेलका नगरपालिका, उदयपुर।

उपरोक्त सम्बन्धमा यस बेलका नगरपालिकाको स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०८०/०९/२४ गतेको निर्णयअनुसार यस नगरपालिका अन्तरगत सञ्चालित सम्पूर्ण माध्यमिक विद्यालय स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता ,२०८० तपसिलको मिति, समय , स्थान र शर्तहरु बमोजिम प्रतियोगिता सञ्चालन हुने भएकाले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० (संशोधन सहित ) अनुसार माध्यमिक तहमा अध्ययनरत १८ बर्ष मुनिका विद्यार्थीलाई खेलकुद प्रतियोगितामा सहभागी गराउनुहुन अनुरोध छ। साथै राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागि हुने विद्यार्थीहरुले भर्नुपर्ने अनुसुची १ बमोजिमको ढाँचा यसैसाथ संलग्न राखी पठाइएको छ।

<u>तपसिल:</u>

१. प्रतियोगिता सञ्चालन हुने मिति २०८० माघ ८, ९ र १० गते
२. स्थान : श्री जनता मा.वि. जहडा बेलका ५,उदयपुर
३. समय: बिहान १०:०० बजे
४. खेलमा सहभागी हुने विद्यार्थी चालु शैक्षिक सत्रमा १८ बर्ष पुरा नभएको कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत रहि विद्यालयको IEMIS मा प्रविष्ट भएको हुनुपर्नेछ ।
५. सहभागी प्रत्येक खेलाडीले एक ट्र्याक दुई फिल्ड वा दुई फिल्ड एक ट्र्याकका खेलमा सहभागी हुन पाउनेछन्। रिले दौडमा दुई ट्र्याक एक फिल्ड वा दुई फिल्ड वा एक ट्र्याकको नियमा लागु हुनेछ।
६. खेलमा सहभागी हुने विद्यार्थीहरुको विवरण अनुसूचि १ बमोजिमको फाराम भरी उमेर खुल्ने कागजात संलग्न राखी मिति २०८०/१०/०७ गते ४ : ०० बजेसम्म श्री जनता मा.वि. जहडामा दर्ता गराइसक्नुपर्ने छ।
७. खेलमा सहभागी हुने विद्यालय तथा खेलाडीहरुको नाम सहितको खेल तालिका मिति २०८०/१०/०८ गते १०: ०० बजे प्रकाशन गरिने छ ।
८. प्रतियोगिताको उद्घाटनको दिन विद्यालयहरुले राष्ट्रिय झण्डा , ब्यानर सहित खेलाडीहरु मार्चपासका लागि उपस्थित गराउनुपर्नेछ।

बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शिक्षा शाखा, रामपुर, उदयपुर

कोशी प्रदेश, नेपाल

प.स.०८०/८१

च.न.

**प्रतियोगितामा समावेश गरिने खेलहरु**

१. भलिवल तर्फ

छात्र/छात्रा (प्रति विद्यालय ९/९ जना खेलाडी)

२. कबड्डी तर्फ

छात्र/छात्रा (प्रति विद्यालय ९/९ जना खेलाडी)

३. एथ्लेटिक्स

(क) दौड (ट्र्याक) तर्फ

छात्र: १०० मि., २००मि., ४००मि., ८००मि., (प्रति विद्यालय १/१ जना खेलाडी)
४*१००मि., ४*४००मि. रिले (प्रति विद्यालय ४/४ जना खेलाडी)

छात्रा: १०० मि., २००मि., ४००मि., ८००मि., (प्रति विद्यालय १/१ जना खेलाडी)
४*१००मि., ४*४००मि. रिले (प्रति विद्यालय ४/४ जना खेलाडी)

(ख) उफ्रने र फ्याक्ने फिल्ड तर्फ:

छात्र: हाइजम्प (प्रति विद्यालय १ जना खेलाडी)
लङजम्प (प्रति विद्यालय १ जना खेलाडी)
ज्याभलिङ थ्रो ८०० ग्रा. (प्रति विद्यालय १ जना खेलाडी)
सटफुट १२ पाउण्ड (प्रति विद्यालय १ जना खेलाडी)

छात्रा: हाइजम्प (प्रति विद्यालय १ जना खेलाडी)
लङजम्प (प्रति विद्यालय १ जना खेलाडी)
ज्याभलिङ थ्रो ६०० ग्रा. (प्रति विद्यालय १ जना खेलाडी)
सटफुट ८ पाउण्ड (प्रति विद्यालय १ जना खेलाडी)

४.मार्सल आर्ट तर्फ

तेक्वान्दो;

छात्र: U४५के.जी, U४८के.जी, U५१के.जी, U५५के.जी र एकल पुम्से (प्रति विद्यालय१/१जना खेलाडी)

छात्रा: U४२के.जी, U४४के.जी, U४६के.जी, U४९के.जी र एकल पुम्से (प्रति विद्यालय१/१जना खेलाडी)

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत